# UNITED NATIONS
# OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS IN NEPAL

**प्रेस विज्ञप्ति ।** ५ जनवरी २००६

***मानवअधिकार उच्चायुक्तले राज्य तथा माओवादी दुबैलाई नेपालको सशस्त्र द्वन्द्वमा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारको सम्मान गर्न आग्रह गर्नु भएको छ ।***

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तले नेकपा (माओवादी)ले चार महिना लामो एकतर्फी युद्धविरामको अन्त्य गरेपछि नेपालको सशस्त्र द्वन्द्वमा अन्तर्राष्ट्रिय मानवीय तथा मानवअधिकार कानुनको पूर्ण सम्मानका लागि आज आह्वान गर्नु भएको छ ।

"पूर्णस्तरको सशस्त्र युद्ध हुन सक्ने सम्भावना बढ्नु नेपालका जनताका लागि दुःखको कुरा हो । तर द्वन्द्वका अघिल्ला चरणहरूमाझैं अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकार मापदण्डहरूको घोर उल्लङ्घन भने हुनु हुँदैन् र हुनु आवश्यक छैन्," उच्चायुक्त लुइस आर्वरले भन्नुभयो । "नेपाल जेनेभा महासन्धिहरू एवं धेरैजसो अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको पक्ष राष्ट्र हो; यसका सुरक्षाफौज आफ्ना कानुनी दायित्वहरूबारे सजग छन् र उनीहरूले तिनको पूर्णरूपले सम्मान गर्नुपर्छ । नेकपा (माओवादी) नेतृत्वले अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना तथा मानवअधिकारको सम्मान गर्ने प्रतिबद्धता जनाएको छ । म उनीहरूलाई यी सिद्धान्तहरूले खोजेको कुरा सार्वजनिक घोषणा गरी स्वीकार गर्न तथा यसलाई व्यवहारमा सम्मान गर्न आफ्ना कार्यकर्ताहरूलाई उनीहरूको दायित्वबारे बुझाउन अनुरोध गर्दछु । द्वन्द्वरत जुनसुकै पक्षले उल्लङ्घन गरेको भए पनि तिनलाई जवाफदेही बनाइनुपर्छ । पीडकहरूलाई मात्र नभइ यस्ता कार्य गर्ने फौजको नेतृत्व गर्नेहरूलाई पनि न्यायालयसमक्ष व्यक्तिगत फौजदारी उत्तरदायित्वअन्तर्गत उभ्याइनुपर्दछ ।"

सशस्त्र द्वन्द्वको अवस्थामा लागु हुने अन्तर्राष्ट्रिय मानवीय कानुनले हत्या वा युद्धमा सक्रिय भाग नलिने व्यक्तिहरूप्रतिको हिंसालाई निषेध गर्दछ । "म नेकपा (माओवादी)लाई स्मरण गराउन चाहन्छु कि यस्ता व्यक्तिहरूमा सरकारी अधिकारीहरू, सुरक्षाफौजका परिवारहरू, र सुराकी भनेर आरोप लगाइएका व्यक्तिहरू पर्दछन्," उच्चायुक्तले भन्नुभयो ; "र म सुरक्षाफौजलाई यस्ता व्यक्तिहरूमा माओवादी ठानिएका वा माओवादीलाई सघाएका भनिएका निशस्त्र व्यक्तिहरू पर्दछन् भन्ने स्मरण गराउँछु ।" कानुनले सर्वसाधारणमाथिको आक्रमण तथा आम नागरिकबीच आतङ्क फैलाउने हिंसाजन्य कार्य वा धम्की निषेध गरेको छ, र द्वन्द्वमा संलग्न पक्षहरूले गैर-सैनिक वस्तु तथा सामारिक उद्देश्यहरूबीच विभेद छुट्याउन सक्नु आवश्यक छ ।

यी स्पष्ट कानुनी दायित्वहरूका बाबजुद, नेपालमा सशस्त्र द्वन्द्वको क्रममा दुबै पक्षले अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घन गरेका छन् । गैर न्यायिक हत्या, बलात् बेपत्ता पार्ने कार्य तथा अपहरण, सार्वजनिक सवारी वसहरूमाथिको आक्रमण, निशानामाथि आक्रमण गर्दा सर्वसाधारणहरू भएका ठाउँमा हेलिकप्टरबाट जथाभावी बम खसाली मानिसहरू हताहत वा घाइते बनाउने, बन्दीहरूलाई व्यापक रूपमा यातना दिने कार्य, सर्वसाधारणको मृत्यु वा घाइते हुन सक्ने घरेलु रूपमा उत्पादित विष्फोटक पदार्थहरू (Improvised Explosive Devices) को अनुचित प्रयोग वा व्यवस्थापन, आदि सबै नेपालको सशस्त्र द्वन्द्वको सन्दर्भमा देखा परेका छन् ।

अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनले सैनिकको रूपमा बालबालिकाको भर्ती र प्रयोग वा द्वन्द्वसँग सम्बन्धित अन्य कुनै हैसियतमा उनीहरूको प्रयोगमाथिको प्रतिबन्धलगायत बालबालिकाका लागि विशेष सुरक्षा प्रदान गर्दछ । नेपालको सशस्त्र द्वन्द्वको सन्दर्भमा यी मापदण्डविरुद्ध बालबालिका मारिएका तथा घाइते बनाइएका, जबरजस्ती भर्ती गरिएका, सुराकीको रूपमा प्रयोग भएका र जथाभावी थुनिनुका साथै पिटिएका पाइएका छन् ।

"नेपालस्थित मेरो कार्यालयले आउँदा दिनमा दुबै पक्षको आचरणलाई नजिकबाट अनुगमन गरिरहनेछ र सोहीअनुसार मानवअधिकार आयोगमा म प्रतिवेदन गर्नेछु," उच्चायुक्तले भन्नुभयो ।

*थप जानकारीका लागि सार्वजनिक जानकारी तथा बाह्य सम्पर्क इकाइ प्रमुख किरण ड्वयरलाई सम्पर्क गर्नुहोला ।*
*फोनः ४२८० १६४ (एक्सटेन्सन ३२१); मोवाइलः ९८५१०१४२६३; फ्याक्सः ४६७ ०७१२*
*इमेलः kdwyer.ohchr@undp.org*